REGIONAL NEWS UNIT
आकाशवाणी

BROADCAST: 18:40 hrs　　　　Date: 24.10.2025

## Rashtriya Ekta Diwa: IPR

भारतका लौहपुरुष सरदार वल्लभभाई पटेलको जन्मजयन्तीको सम्झनामा हरसाल मनाइने राष्ट्रिय एकता दिवस अक्टोबर 31 मा मनाइँदै छ। राष्ट्रिय एकता दिवसले भारतको एकता, अखण्डता र राष्ट्रिय एकताको प्रतीक हो। राष्ट्रिय एकता दिवस सरदार पटेलको 150 औँ जन्मजयन्तीको सम्झनामा मनाइन्छ। यस वर्षको उत्सव धेरै तरिकाले अद्वितीय हुनेछ। राष्ट्रिय एकता दिवसको वार्षिक उत्सवले देशवासीहरूलाई स्वतन्त्र भारतको निर्माण र ५६२ रियासतहरूलाई एकताबद्ध गर्दै, आधुनिक भारतको जग बसाल्न सरदार पटेलले खेलेको महत्त्वपूर्ण भूमिकाको सम्झना गराउँदछ। उहाँको नेतृत्व र राष्ट्रिय एकताप्रतिको अटल प्रतिबद्धताका कारण, सरदार पटेललाई "राष्ट्रिय एकताका शिल्पकार र भारतका लौहपुरुष" का रूपमा सम्मान गरिन्छ।

## Man Ki Baat: NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी 26 तारिख आकाशवाणीको **"मन की बात"** कार्यक्रममा देश-विदेशका मानिसहरूसँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 127

औँ  श्रृङ्खला हो। सबैले आफ्ना सुझावहरू टोल-फ्री नम्बर 1800-11-7800 मा साझा गर्न सक्छन्। सुझावहरू नरेन्द्र मोदी एप र MyGov खुला मञ्च मार्फत अनलाइन पनि पेश गर्न सकिन्छ। सुझावहरू यस महिनाको २४ तारिखसम्म स्वीकार गरिनेछ।

## Mizoram Governor-Sikkim: Summit Times

मिजोरमका सेवानिवृत्त राज्यपाल डा. वी.के. सिंह आगामी २६ तारिख आयोजना हुने सिक्किम सोल्जर्थन २.० मा भाग लिन सिक्किम भ्रमणमा आउनुहुनेछ, जुन भारतीय सशस्त्र बल र उनीहरूको बलिदानको सम्झनामा आयोजना गरिँदै छ। फिटिस्थनद्वारा आयोजित यस म्याराथनमा एकता र देशभक्तिलाई बढावा दिने उद्देश्यले नागरिक, रक्षा कर्मचारी र विद्यार्थीहरूका लागि २१ किलोमिटर, १० किलोमिटर र ५ किलोमिटर दौडहरू समावेश छन्। सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले पनि कार्यक्रमको मिसनसँग ऐक्यबद्धता जनाउँदै कार्यक्रममा उपस्थिति जनाउनुहुनेछ।

## PM-Rojgar: IPR

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्सिङमार्फत् रोजगार मेलालाई सम्बोधन गर्नुभयो। उहाँले सम्बोधनमा यस वर्षको प्रकाश पर्व दिपावालीले सबैको जीवनमा नयाँ उज्यालो लिएर आएको उल्लेख गर्दै, चाडपर्वबीच 51 हजारभन्दा धेरै युवाले स्थायी नोकरीका निम्ति नियुक्ति पत्र पाउनुले चाडको रौनक बढेको बताउनुभयो। साथै, प्रधानमन्त्रीले युवा सशक्तिकरण सरकारको सर्वोच्च प्राथमिकता रहेको उल्लेख गर्दै, रोजगार मेला युवा भारतीयहरूको आकाङ्क्षा पूरा गर्ने सशक्त माध्यम बनेको र हालका दिनमा यी मेलाहरू मार्फत्

11 लाखभन्दा धेरै नियुक्ति पत्र जारी गरिसकिएको अवगत गराउनुभयो। यो प्रयास सरकारी नोकरीहरूसम्म मात्र सीमित नरहेको तर सरकारले साढे तीन करोड युवालाई रोजगार प्रदान गर्ने लक्ष्यका साथ **"प्रधानमन्त्री विकसित भारत रोजगार योजना"** सुरु गरेको पनि श्री मोदीले जानकारी दिनुभयो।

## Multiplex- Arun Kumar Upreti: Summit Times

आज, सिक्किमले गान्तोकको वेस्ट प्वाइन्ट मलको चौथो तल्लामा आफ्नो पहिलो मल्टिप्लेक्स, PVR INOX को भव्य उद्घाटन गर्दै, सिनेमा हल क्षेत्रमा नयाँ उचाइ हासिल गरेको छ। ग्रामीण विकास विभाग मन्त्री अरुण कुमार उप्रेतीले गान्तोकका विधायक डेले नामग्याल बरफुङ्गपाका साथमा आधिकारिक रूपमा यस सुविधाको उद्घाटन गर्नुभयो, जसमा तीनवटा स्क्रिन, २K लेजर प्रोजेक्शन, नेक्स्ट-जेनेरेशन थ्रीडी, सेलिब्रेटी रिक्लाइनरहरू र विस्तृत भोजन मेनु रहेको छ, जसले सिक्किमका जनताका लागि मनोरञ्जनको नयाँ युगको सुरुवात गरेको छ।

## Soreng-Zoom Road Closure: Summit Times

सोरेङ पुलिसले सोरेङदेखि जुमसम्मको सडक चौडा पार्ने कामका लागि अक्टोबर २४ देखि नोभेम्बर २४, २०२५ सम्म बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म पूर्ण रूपमा सडक बन्द गर्ने घोषणा गरेको छ। दुई चक्के लगायत सबै हलुका तथा भारी सवारी साधनहरूले मुलसेबे-बुदाङ राज्य राजमार्ग-२८, गेल्लिङ-सवालिगुवान-बैगुने पीएमजीएसवाई, र चुम्बुङ-पाँच माइल

बुदाङ राज्य राजमार्ग-२७ हुँदै वैकल्पिक मार्गहरू प्रयोग गर्नुपर्नेछ। परियोजनाको सुरक्षा र सहज प्रगति सुनिश्चित गर्न सार्वजनिक हितमा यो आदेश जारी गरिएको छ।

## Weather: MO

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टाभित्र गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 22.5 डिग्री सेल्सियस र न्यूनतम तापमन 13.9 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 23 डिग्री सेल्सियस र न्यूनतम तापमान 14 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।

------------